अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या : १८ मिति : २०८१।०६।०२

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०८१

उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०६।०१**

**प्रस्तावना :**

गाँउपालिका क्षेत्रभित्र उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न र बहुसंख्यक जनताको आर्थिक पहुँच स्थापित गरी गाँउपालिका क्षेत्रभित्रका उद्योग ,व्यापार , व्यावसाहिक संस्थाको सञ्चालन, व्यवस्थापन र नियमन गर्न बाञ्छनीय भएको र हाल कार्यन्वयनमा रहेको **उद्योग व्यवसाय दर्ता ,नवीकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७५** मा केही बुँदाहरु थप गरी संशोधन गर्नुपर्ने भएकाले अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिकाको मिति २०८१।०६।०१ गते बसेको बैठकले कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

**१) सङ्क्षिप्त नाम र प्रारम्भः-**

(१) यो कार्यविधिको नाम ' उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी (तेस्रो संशोधन), २०८१' रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२) मुल कार्यविधिको दफा ४ पछि दफा **४क व्यवसाय नामसारी सम्बन्धी प्रक्रिया** पछि थप गर्ने:

**४क) व्यवसाय नामसारी सम्बन्धी प्रक्रिया : १)** गाउँपालिकाको कार्यालयमा दर्ता भएको कुनै पनि व्यवसाय तपशिलको अवस्थामा एउटा व्यक्तिको नामबाट अर्को व्यक्तिको नाममा नामसारी गर्न सकिनेछ ।

क. व्यवसायीको मृत्यू भएमा

ख. कुनै व्यवसायीले आफ्नो व्यबसाय अर्को व्यक्तिलाई बिक्रि गरेमा

ग. व्यवसायी वेपत्ता भएमा

घ. व्यवसायी असक्त भई निजको आफ्नो व्यवसाय अंशियारको नाममा नामसारी गर्न चाहेमा

ङ. व्यवसायीको मगज विग्रेको चिकित्सकले प्रमाणित गरेमा

च. साझेदारी व्यवसाय एकल गर्नु परेमा ।

छ. व्यवसायी बैदेशिक रोजगारीमा भएको वा स्वदेशमा रहेता पनि  इच्छा बमोजिम एकाघरका सदस्यलाई जिम्मेवारी दिन चाहेमा

२) उपदफा क, ख, ग, घ, ङ र च बमोजिम नामसारी प्रयोजनका लागि तपसिल नामसारी प्रयोजनका लागि तपशिलमा उल्लेखित कागजात संलग्न राखी गाउँपालिकाको कार्यालयमा रितपुर्वक निवेदन पेश गर्नूपर्नेछ ।

क. निवेदन

ख. व्यवसायीको मृत्यु भएमा मृत्यूदर्ता प्रमाणपत्रको प्रतिलिपि बेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिस मगज विग्रेको भएमा मान्यता प्राप्त मेडिकल अधिकृतको प्रमाणपत्र  र वडा कार्यालयमा दर्ता भएका बाहेक अन्यको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र अन्य व्यक्तिलाई व्यवसाय विक्रि गरेमा सोको प्रमाण

ग. क, ख, ग, घ र ङ को अवस्थामा नाता प्रमाण पत्रको प्रतिलिपी ।

घ. व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपी

ङ. साविकको व्यवसायी र नामसारी गर्नुपर्ने व्यवसायीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

च. मञ्जुरीनामा

छ. करचुक्ता  प्रमाणपत्रको प्रतिलिपी

संलग्न प्रमाणहरुको आधारमा गाउँपालिकाद्वारा आवश्यक छानविन गरी आर्थिक ऐनमा तोकीए बमोजिमको दस्तुर लिई व्यवसाय नामसारी गरिनेछ ।

राजपत्रमा प्रकाशित मिति : २०८१।०६।०२

आज्ञाले,
रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत